माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नयाँगाउँ, प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

आज मिति २०७६ साल बैशाख २६ गते यस माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

**प्रतावहरु**

**१.खर्च संमर्थन सम्बन्धमा**

**२.कार्यक्रम संशोधन सम्बन्धमा**

**३.कार्यक्रम परिमार्जन सम्बन्धमा**

**४.समपुरक अनुदानका लागि आयोजना माग गर्ने सम्बन्धमा**

**५.भैपरी शिर्षकबाट खर्च गर्ने सम्बन्धमा**

**६.गाउँपालिकाको कामकाज सम्बन्धमा**

**निर्णयहरु :**

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको स्विकृत बजेट अनुसार माण्डवी गाउँपालिका वडा नं.३ मा अधुरो प्रतिक्षालय सम्पन्न गर्नको लागि एकमुष्ट रकम रु. ४००००० चारलाख विनियोजन भएकोमा तपशिल बमोजिमका योजनामा तपशिल अनुसार रकम खर्च गरेको र भुक्तानी समेत भएको हुँदा सो खर्च समर्थन गर्ने निर्णय गरियो ।

तपशिल:

- आपचौर अधुरो प्रतिक्षालय निर्माण रु.१०५०००।-
- दारिमचौर प्रतिक्षालय निर्माण रु.१०००००।-
- पिपलपाटा प्रतिक्षालय निर्माण रु.७५०००।-
- अधुरो प्रतिक्षालय निर्माण साविक ५. ४५०००।-
- लामाचौर सिवमन्दिर प्रतिक्षालय निर्माण रु.७५०००।–

निर्णय नं.२.प्रस्ताव नं.२ माथि छलफल गर्दा मिति २०७५/१२/०४ गते बसेको कार्यपालिकाको बैठकले पारित गरेको योजना तिग्रा खोला खानेपानी मुल संरक्षणवापत रु. ५००००।- (पचास हजार विनियोजन गरेकोमा सो योजनालाई संशोधन गरि नन्दी पोखरी सामुदायिक वन अन्तर्गत माण्डवी गा.पा. वडा नं.३ मार्सिवाङमा पोखरी निर्माणका लागि सो रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३.प्रस्ताव नं.३ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको गाउँसभाबाट पारित गरेका तपशिल बमोजिमका योजना गा.पा. जे.सि.बि बाट निर्माण सम्पन्न गर्ने भनि कार्यक्रम पारित भएकोमा विविध कारण बस गा.पा. जे.सि.वि बाट कार्यसम्पन्न हुन नसकेकोले उपभोक्ता समिति गठन गरी आयोजनाहरु सम्पन्न गरि भुक्तानी गर्ने निर्णय गरियो ।

**तपशिल**

- लामपोखरा देखि थानाकोट पर्यटन मार्ग

प्रमुख प्रशासकीय अधिकृत

- चोरपानी पोखरधारा हुँदै डाडाकटेरी जोड्ने मोटरबाटो मर्मत
- चकचके बस्तीस्तरिय रिङरोड मोटरबाटो मर्मत तथा निर्माण
- पोखरा हुदै नयाँगाउँ फाँट सम्म जोड्ने मोटरबाटो निर्माण
- वडा कार्यलय देखि नर्सु शिखारी जोड्ने मोटरबाटो मर्मत र उक्त कार्य रु. १९०००।- बराबरको काम जनशक्तिबाट भएकोले भुक्तानी गर्नुपर्ने
- बुढाचौपारी पोखरा देखी कुसुमडाडा हुँदै सिमलगैरा जोड्ने मोटरबाटो निर्माण ८ जना ज्यामीबाट एक दिन काम भएको रु.४८००।- नगद भुक्तानी दिनुपर्ने

निर्णय नं.४ प्रस्ताव नं.४ माथी छलफल गर्दा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७६/०१/०९ को पत्रानुसार आ.व. २०७६/०७७ का लागि प्रदेश सरकार संगको लागत शहभागितामा संचालन गरिने समपुरक अनुदानका आयोजनाहरु आ.व. २०७५/०७६ मा बहुवर्षिय आयोजना स्विकृत भएको तपशिल बमोजिमको आयोजना छनोट गरि वजेटको सीमाको अधिनमा रहि आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।

**तपशिल**

- जस्तापाता खरिद आयोजना रु.१ करोड ५० लाख

निर्णय नं.५ प्रस्ताव नं.५ माथी छलफल गर्दा सिमलचौर कालीखोला मोटरबाटो मर्मतमा रु १०००००।– त्रिवेणी एकचोटे कालिखोला मोटरबाटो मर्मतमा रु. १०००००।- र माण्डवी ५ वडा कार्यालय देखि सिरुवारी जोड्ने मोटरबाटोको लागि रु. १०००००।- भैपरी शिर्षकबाट खर्च व्यहोर्ने निर्णय गरियो।

निर्णय नं.६ प्रस्ताव नं.६.माथी छलफल गर्दा माण्डवी गाउँपालिकाको केन्द्र सम्बन्धमा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको च.नं.३१२१ मिति २०७३/११/२४ को पत्रानुसार स्थानयि तहको शासन संचालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ को निर्देशन अनुसार माण्डवी गाउँपालिकाको लागि तोकीयको गाउँपालिकाको केन्द्र साविक नयाँगाउँ गाविसको कार्यालयमा संस्थागत रुपमा स्थापना गर्ने निर्णय भएतापनी तत्कालिन राजनितिकदलका नेतृत्व, कर्मचारी, बुद्धिजिवीहरुले नयाँगाउँ १ देविस्थानमा माण्डवी गाउँपालिकाको कार्यालय भाडामा लिई कामकाज गरिरहेको छ। २०७४ असार १४ गते भएको स्थानिय तहको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधि आईसकेको स्थानीय सरकार संचालन ऐन, २०७४ जारि भईसकेको सन्दर्भमा गाउँपालिकाको केन्द्रको सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४ को उपदफा १ मा नेपालसरकारले प्रदेश सरकारको परामर्शमा गाउँपालिकाको केन्द्र तोक्नेछ तथा दफा ४ को उपदफा ३ अनुसार गाउँपालिकाको केन्द्र हेरफेर गर्नपरेमा सम्बन्धित गाउँसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुईतिहाई बहुमतले पारित गर्ने कानुनी व्यवस्था रहेको छ।

गाउँसभाबाट गाउँपालिकाको केन्द्र दुईतिहाई बहुमत बाट पारित नगर्दा सम्मलाई नेपाल सरकारको निर्णय अनुसार साविक नयाँगाउँ गाविसको आफ्नै कार्यालयबाट माण्डवी गाउँपालिकाको कामकाज गर्ने निर्णय गरियो। साथै गाउँसभाबाट केन्द्रको विषयमा निर्णय गर्ने सार्वभौम अधिकार जनता बाट

प्रमुख प्रशासकीय अधिकृत

निवाचित जनप्रतिनिधिलाई हुने भएकाले आवश्यकता, औचित्यता र उपयुक्ततताका आधारमा कुनै पनि समयमा गाउँसभाबाट केन्द्र तोक्ने निर्णय गरियो ।

प्रमाणित गर्ने